हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२

सु.नं. ६८७ मिति २०८१/१०/२८

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी ( दोश्रो संशोधन ) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ (१) बमोजिम अगामी आ.व २०८२/०८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोजगार व्यक्तिहरुलाई प्रदान गरिने १०० ( सय ) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई आवश्यक कागजातहरु सहित मिति २०८१/११/०१ देखि २०८१/११/२९ गते भित्र **बेरोजगार दर्ताका लागि दिने निवेदन** दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८१/१०/२८

दिपेन्द्र कुमार पैकरा
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु**

१. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी – १ प्रति
२. निवेदकले कुनै सीपमुलक तालिम लिएको भएमा सो को प्रतिलिपी - १ प्रति
३. निवेदकको फोटो – १ प्रति
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण प्रत्र वा जन्मदर्ता प्रमाण पत्र प्रतिलिपी -१/१ प्रति **(अनिवार्य)**
५. बसाइसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपी -१ प्रति